## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको आ.व. २०७६/०७७ को चौथो त्रैमासिक अवधिको विवरण

१. **निकायको स्वरुप र प्रकृति** : कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट "ख" बर्गको राष्ट्रियस्तरको वित्तीय संस्था ।

२. **निकायको काम, कर्तव्य र अधिकार** : बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा भएको व्यवस्था बमोजिमको काम, कर्तव्य र अधिकार रहेको छ ।

३. **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण** : वित्तीय संस्थामा ५६४ जना कर्मचारी कार्यरत रहेका छन् र संस्थाले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भई रहेकोछ । व्यवस्थापन समूह तथा विभागीय प्रमुखहरुको नाम र पद संस्थाको वेबसाईटमा राखिएको छ ।

४. **निकायबाट प्रदान गरिने सेवा** : बैंक तथा वित्तीय सम्बन्धी ऐन, २०७३ मा व्यवस्था भएबमोजिम राष्ट्रियस्तर कार्यक्षेत्र भएको "ख" वर्गको वित्तीय संस्थाले प्रदान गर्न सक्ने सम्पूर्ण बैंकिङ्ग सेवाहरु प्रदान गरिरहेको छ ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी** : सेवा प्रदान गर्ने बैंकको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण बैंकको वेबसाईटमा राखिएको छ ।

६. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि** : वित्तीय संस्थाले सेवा प्रदान गर्दा लिने शुल्क तथा दस्तुर संस्थाको वेबसाईटमा प्रकाशन गर्ने गरिएको छ ।

७. **निर्णय गर्ने प्रक्रिया र अधिकारी** : वित्तीय कारोबारका सम्बन्धमा विभिन्न तहका अधिकारीहरुले विभिन्न प्रकारका निर्णय गर्न सक्ने व्यवस्था मिलाइएको छ । प्रमुख कार्यकारी अधिकृत तथा बैंकको सञ्चालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ ।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारी** : निर्णय उपर उजुरी सुन्ने अधिकारीको रुपमा नायव महाप्रवन्धक सार्जन भट्टराईलाई तोकिएको छ ।

९. **सम्पादन गरेको कार्यको विवरण** : बैंक तथा वित्तीय सम्बन्धी ऐन, २०७३ मा व्यवस्था भए बमोजिम राष्ट्रियस्तर कार्यक्षेत्र भएको "ख" वर्गका वित्तीय संस्थाले दिन सक्ने सम्पूर्ण बैंकिङ्ग तथा वित्तीय कारोबारहरु सम्पादन भई रहेको छ ।

१०. **सूचना अधिकारीको नाम र पद** :
नाम : सार्जन भट्टराई
पद : नायव महाप्रबन्धक

साथै, शाखा कार्यालयहरुमा सम्बन्धित शाखाका प्रमुखहरुलाई सूचना अधिकारीको रुपमा कार्य गर्ने व्यवस्था मिलाइएको छ ।

११. **ऐन, नियम, विनियम वा निर्देशिकाको सूची** : प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकिङ्ग कार्यका लागि प्रमुख रुपमा रहेका छन् ।

- बैंक तथा वित्तीय सम्बन्धी ऐन, २०७३
- नेपाल राष्ट्र बैंक ऐन, २०५८
- बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
- कम्पनी ऐन, २०६३
- बैकिङ्ग कसुर तथा सजाय ऐन, २०५८
- धितोपत्र सम्बन्धी ऐन, २०६३
- सुरक्षित कारोबार ऐन, २०६३
- करार ऐन, २०५६
- विनिमय अधिकार पत्र ऐन, २०३४
- विदेशी विनियम (नियमित गर्ने) ऐन, २०१९
- आयकर ऐन, २०५८
- सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४
- उपरोक्त ऐनहरु बमोजिमका सम्पुर्ण नियम तथा विनियमहरु
- नेपाल राष्ट्र बैंकवाट जारी निर्देशनहरु र
- वित्तीय संस्थाले जारी गरेको नीति, नियमावली, विनियमावली, निर्देशिका र कार्यविधिहरु ।

१२. **आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण** : यस अवधिको वित्तीय संस्थाको आम्दानी, खर्च तथा आर्थिक कारोवारहरु सम्बन्धी त्रैमासिक अद्याबधिक विवरण मिति २०७७/०४/३० को कारोवार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको र वित्तीय संस्थाको वेबसाईट www.srdb.com.np मा राखिएको छ ।

१३. **वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना** :

प्रकाश पौडेल
प्रमुख कार्यकारी अधिकृत
केन्द्रीय कार्यालय, बुटवल, रुपन्देही ।

१४. **अघिल्लो आर्थीक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण** : वित्तीय संस्थाले बैंकिङ्ग कारोवार सम्बन्धी कार्य गर्दै आइरहेको छ । तर, विशेष कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको छैन ।

१५. **सार्वजनिक निकायको वेभसाइटको विवरण** : www.srdb.com.np

१६. **संस्थाले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण** : त्यस्तो केही नभएको ।

१७. **सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको कार्यक्रम र सोको प्रगती प्रतिवेदन** : यस सम्बन्धी प्रतिवेदन नियमित वार्षिक वित्तीय विवरणमा प्रकाशन गरी वेभसाइटमा राख्ने गरिएको छ ।

१८. **सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी** : तोकिए अनुसार नामावलीको वर्गीकरण तथा संरक्षण गरिने र समय तोकिनेछ ।

१९. **सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण** : यस अवधीमा सूचना माग सम्बन्धी कुनै निवेदन नपरेको ।

२०. **सार्वजनिक निकाएको सूचनाहरु अन्यन्त्र प्रकाशन भएमा वा हुने भए सोको विवरण** : बुँदा नं. ११ मा उल्लेखित लगायतका कानूनहरुको कार्यान्वयनका सिलसिलामा यस वित्तीय संस्थासंग सम्बन्धित सूचनाहरु स्वभाविक रुपमा प्रकाशन गर्ने गरिएको ।